# नेपालगंज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

फोन नं : 081-520151,520338,52532
टोलफ्री नं : 1660 81 52052
फ्याक्स नं : 081-525109
इमेल : nepalgunjmun@gmail.com


प.स. २०८०/८१ (रोजगार सेवा केन्द्र)
च.नं ९६२

मिति : २०८०-०४-१२

नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाण्डौ

**बिषय : आ.व. २०७९/८० को बार्षिक प्रतिवेदन पठाइएको सम्बन्धमा ।**

प्रस्तुत बिषयमा नेपालगंज उपमहानगरपालिका रोजगार सेवा केन्द्र द्वारा संचालित कार्यक्रम ***प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना, वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिको लागि पुन: एकीकरण कार्यक्रम, वैदेशिक रोजगार बोर्ड बाट प्रदान गरिने कल्याणकारी सेवा प्राप्तीको सहजीकरण र व्यक्तिगत श्रम स्वीकृति र पुन: श्रम स्वीकृति*** लगायत विभिन्न कार्यक्रमको आ.व. २०७९/८० वार्षिक प्रदिवेदन पठाइएको व्यहोरा अनुरोध छ ।प्रतिवेदन यसै पत्र साथ संलग्न छ ।

**बोधार्थ**

१. श्री सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, रासी उपत्यका (देउखुरी), नेपाल
२. श्री नगर प्रमुख, नेपालगंज उपमहानगरपालिका
३. श्री नगर उपप्रमुख, नेपालगंज उपमहानगरपालिका
४. श्री प्रमुख प्रशासकीय अधिकृत, नेपालगंज उपमहानगरपालिका
५. श्री आर्थिक प्रशासन शाखा, नेपालगंज उपमहानगरपालिका
६. श्री सूचना अधिकारी, नेपालगंज उपमहानगरपालिका

२०८०/४/१२

शिव प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

आ.व. २०७९/८०

# वार्षिक प्रगति प्रतिवेदन



## नेपालगंज उपमहानगरपालिका
## रोजगार सेवा केन्द्र

## नेपालगंज उपमहानगरपालिकाको संक्षिप्त परिचय :

लुम्बिनी प्रदेशको पश्चिम तर्फ र साविक मध्यपश्चिमाञ्चल बिकास क्षेत्रको केन्द्र विन्दुको रुपमा रहेको प्रमुख ब्यापारिक केन्द्र तथा लुम्बिनी प्रदेश अन्तर्गतका १२ जिल्लाहरु मध्ये सवैभन्दा महत्वपूर्ण जिल्ला मध्ये बाँके जिल्लाको सदरमुकामको रुपमा रहेको उपमहानगरपालिका हो। बाँके जिल्लामा अवस्थित पश्चिम नेपालको द्धार, नेपालगञ्ज नगरी, नेपालकै नामबाट स्थापना भएको प्रमुख शहरको रुपमा परिचित स्थान हो । यो शहर विक्रम सम्बत २०१७ सालमा नेपालगञ्ज नगर पञ्चायतका नामबाट स्थापना भई २०१९ सालमा नगरपालिकाको रुपमा स्थापित भएको हो । नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७१ मंसीर १६ गतेको निर्णयबाट साविकका १० वटा गा.वि.स. गाभेर २७ वटा वडा कायम गरि नेपालगंज उपमहानगरपालिका घोषणा गरिएको र मिति २०७२।०६।१ को निर्णयबाट पुरैनी गा.वि.स. गाभेर २८ वडा कायम गरिएको थियो । मिति २०७३।११।२७ गतेको निर्णयानुसार साविकका २८ वडा परिमार्जन भई २३ वटा वडा कायम गरिएको छ ।

## रोजगार सेवा केन्द्रको परिचय

२०७५ साल फाल्गुन देखि नेपालगंज उपमहानगरपालिकामा रोजगार सेवा केन्द्र स्थापना भएको हो । स्थापना पश्चात रोजगार सेवा केन्द्रले रोजगारी सृजनाका क्षेत्रमा विविन्न क्रियाक्लाप संचालन गर्दै आएको छ र आ.व. २०७९/८० मा नेपालगंज उपमहानगरपालिका नमुना रोजगार सेवा केन्द्र संचालनको लागि छनौट भई विविन्न कार्यक्रम संचालान गरेको छ ।

## रोजगार सेवा केन्द्र संचालनको उद्देश्य

- वेरोजगार व्यक्तिको सूचना संकलन, समन्वय र रोजगारी सृजना गर्नु र रोजगारमा पदस्थापन गराउनु,
- रोजगार दाता र श्रमिकको अभिलेखांकन गर्नु,
- रोजगार सेवाको अभिलेखांकन गर्नु,
- रोजगारी र स्वरोजगरीको सम्भाव्यता पहिचान गर्नु,
- रोजगारीको खोजीमा रहेका व्यक्तिको व्यक्तिगत बिवरण दर्ता गर्नु,
- श्रम बजारको माग बमोजिम सीप विकास गर्ने क्रियाक्लाप तथा सिफारिस गर्नु,
- रोजगारी सम्बन्धि परामर्श सेवा दिनु,
- रोजगारी सृजनाको लागि निजी क्षेत्र तथा गैर सरकारी संस्था संग आवश्यक समन्वय तथा सहकार्य गर्ने,
- वैदेशिक रोजगार बोर्ड बाट उपलब्ध गराईने आर्थिक सहायता वितरण सम्बन्धि कार्यमा सहयोग पुर्याउने,
- व्यक्तिगत श्रम तथा पुनः श्रम स्वीकृति सम्बन्धि कार्यहरु गर्ने ।

## १. प्रधानमन्त्री रोजगार कार्यक्रमको संक्षिप्त परिचय

नेपालको संविधानको धारा ३३ (१) ले प्रत्येक नागरिकलाई रोजगारीको हक हुने उल्लेख भएबमोजिम रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ जारी भई कार्यान्वयनमा रहेका छन । ऐन र नियमावलीका प्रावधान अनुरुप रोजगारमूलक सेवा र सुविधाको विस्तार गर्न एवम् नागरिकलाई न्यूनतम रोजगारी प्रत्याभूति गर्दै सामाजिक संरक्षण प्रदान गर्ने प्रमुख उद्देश्यका आ.व.

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७२

CamScanner

२०७५/०७६ देखि प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । यसका लागि मुख्यतः प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ र अन्य कार्यविधिहरु जारी भएका छन् । यसबाट तीनै तहमा कार्यक्रम कार्यान्वयनको लागि संस्थागत प्रबन्ध गरी सबै गाउँपालिका तथा नगरपालिकामा रोजगार सेवा केन्द्र स्थापना भएका छन् ।

मुलतः मुलुकभित्र रोजगारीको पर्याप्त रोजगारीको अवसर सृजना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्न आर्थिक विकासमा योगदान पुर्याउन एवम् न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक संरक्षणको व्यवस्था गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमले न्यूनतम रोजगारी सुनिश्चित र आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने दीर्घकालीन सोचका साथ देहायका दुई मुख्य रणनीतिक क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ ।

## १.१ यस कार्यक्रमको दीर्घकालीन सोच लक्ष्य, उद्देश्य र रणनीति निम्नानुसार छन:

**कार्यक्रमको दीर्घकालीन सोचः** सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु यो कार्यक्रमको दीर्घकालीन सोच हो ।

**कार्यक्रमको लक्ष्यः** आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवर्द्धन गर्नु यो कार्यक्रमको लक्ष्य हो ।यस कार्यक्रमले बेरोजगारी, सीप तथा उद्यमशीलताको न्यूनता र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालनमा रहेका कार्यक्रम बीच समन्वयको कमीका कारण त्यस्ता कार्यक्रमले अपेक्षित प्रतिफल दिन नसक्दा

रोजगारी तथा स्वरोजगारीको अभावमा नागरिकको जीवनस्तरमा सुधार हुन नसक्नुलाई समस्याको रुपमा पहिचान गरी उत्पादनशील रोजगारीमा वृद्धि तथा न्यूनतम रोजगारीको प्रत्याभूति मार्फत सामाजिक संरक्षणको प्रवर्द्धनको उपलब्धी प्राप्त गर्ने लक्ष्य राखेको छ।

## १.२ कार्यक्रमको उद्देश्य

- प्रधानमन्त्री रोजगार कार्यक्रमको उद्देश्य देहाय अनुसार रहेका छन्:
- बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने।
- दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारी तथा स्वरोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।
- सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सृजना गर्ने ।
- आन्तरिक रोजगारी सृजनाका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।
- सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने ।
- आन्तरिक रोजगारी सृजना सम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने ।

## २. युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको परिचय

सुचिकृत बेरोजगार व्यक्तिलाई लक्षित गरी थप रोजगारी तथा रोजगारमूलक सेवा प्रदान हुने गरी विश्व बैङ्कको ऋण सहयोगमा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (Youth Employment Transformation

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७२

Initiative Project) सञ्चालनमा रहेको छ । यस आयोजनाले प्रधानमन्त्री रोजगार कार्यक्रमसंग आवद्ध भई रोजगारीको अवसरहरु सिर्जना गर्ने र उपलब्ध रोजगारीका अवसरहरुमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै श्रमिकको आयमा वृद्धि तथा लक्षित वर्गको जीवनयापनमा सुधार गर्ने लक्ष्य लिएको छ । आयोजनाले विशेष गरी वेरोजगार युवा र महिला लक्षित रोजगारी, जीवन उपयोगी तालिम र श्रम वजारमा महिला श्रमशक्तिको पहुँच वृद्धि गर्न रोजगारीका लागि तयारी क्लव (Ready to Work Club) गठन गर्ने लगायतका क्रियाकलाप सञ्चालन गर्नेछ । साथै स्थानीय तहमा सञ्चालनमा रहेका रोजगार सेवा केन्द्रको क्षमता अभिवृद्धिका क्रियाकलापहरु सञ्चालन, थप जनशक्तिको व्यवस्था तथा रोजगारमूलक सेवा र सुविधाको सुदृढिकरण लगायतका कार्यमा सहयोग गर्नेछ ।

## २.१ आयोजनाको उद्देश्य

(क) रोजगारीको सेवा, सुविधा र प्रणालीमा विकास तथा विस्तार गरी लक्षित वर्गको रोजगारीमा पहुँच अभिवृद्धि गर्ने,

(ख) रोजगारीका अवसरहरुको सिर्जना गर्ने.

(ग) रोजगार सेवाको प्रवर्द्धन मार्फत वेरोजगारीको दर न्यूनीकरण गर्ने ।

## २.२ आयोजनाका कम्पोनेन्टहरु

**कम्पोनेन्ट १:**

**रोजगार प्रवर्द्धन प्रणाली र सेवाको सुदृढीकरण**

(१) रोजगारीको अवसरमा पहुँच वृद्धि गर्ने.

(२) राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने ।

**कम्पोनेन्ट २:**

**जोखिमपूर्ण अवस्थामा रहेका समूहका लागि श्रम बजारको उपलब्धिमा सुधार:**

(१) सामुदायिक पूर्वाधारको मर्मत सम्भार तथा स्तरोन्नति र सार्वजनिक सेवा प्रवाहमा अल्पकालीन रोजगारी सिर्जना गर्ने,

(२) लाभग्राहीको रोजगार योग्य क्षमतामा सुधार गर्ने ।

**कम्पोनेन्ट ३:**

**आयोजना व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र क्षमता अभिवृद्धि:**

आयोजना कार्यान्वयनका लागि व्यवस्थापकीय, अनुगमन तथा मूल्याङ्कन र संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

**कम्पोनेन्ट ४:**

**बिशेष अवस्था :**

महामारीजन्य तथा अन्य आपतकालीन अवस्थामा आवश्यक रोजगारमुलक क्रियाक्लाप गर्ने ।

नेपालगंज उप-महानगरपालिकाको
नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७२

CS CamScanner

## २.३ कार्यक्रमको रणनीति

क) स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माणका कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग

गर्ने ।

ख) रोजगारी सृजनाका लागि अन्तर क्षेत्रगत तथा अन्तर तहगत समन्वय गर्ने ।

ग) सीपमूलक तालिम मार्फत श्रम बजारको माग अनुरुपको श्रमशक्ति विकास र आपूर्ति गर्ने ।

घ) तालिम, रोजगार, सूचना तथा परामर्श र वित्तीय सहयोग मार्फत रोजगार तथा स्वरोजगारका अवसरहरुको सृजना गर्ने। ङ) रोजगारी सृजनामा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने ।

च) रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना मार्फत रोजगारी सम्बन्धी क्षेत्रगत तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरी उपयोग गर्ने ।

## ३. आ.व. २०७९/८० मा संचालन भएका मुख्य क्रियाक्लापहरु :

- कामको लागि पारिश्रामिक आयोजनाहरु (प्रधानमन्त्री रोजगार कार्यक्रम / युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना)
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुन: एकीकरण कार्यक्रम
- श्रमको सम्मान कार्यक्रम
- कल्याणकारी सेवा
- स्थानीय निर्देशक समिति बैठक
- नमुना रोजगार केन्द्र संचालन
- नयाँ तथा पुन: श्रम स्वीकृति
- अनुगमन तथा मुल्यांकन

## ३.१ आ.व २०७९/८० मा कामको लागि पारिश्रामिक आयोजना अन्तर्गतका क्रियाक्लाप (प्रधानमन्त्री रोजगार कार्यक्रम / युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना) :

- ❖ वेरोजगार व्यक्तिको वेरोजगार निवेदन दर्ता, प्रशोधन तथा सूचीकृत
- ❖ रोजगार व्यवस्थापन प्रणालीमा दर्ता भई लाभग्राही परिचय पत्र प्राप्त बेरोजगार व्यक्तिको विवरण

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७३

CamScanner

❖ योजना छनौट ,इष्टीमेट तथा प्राथमिकिकरण

❖ प्रधानमन्त्री रोजगार कार्यक्रम / युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना आय व्यय विवरण

## ३.२ बेरोजगार व्यक्तिको वेरोजगार निवेदन दर्ता, प्रशोधन तथा सूचीकृत

बेरोजगार व्यक्तिको विवरण संकलन गर्नका लागि यस नगरपालिकाले २३ वटै वडाहरुमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन चाहने व्यक्तिले आफु स्थायी रुपमा बसोबास गरेको वडाको वडा कार्यालयमा अनुसूचि १ बमोजिमको निवेदन दिन आव्हान गरिएको थियो । प्राप्त सम्पूर्ण बेरोजगार व्यक्तिहरुको निवेदन वडा समिति बाट मापदण्ड पुगे/नपुगेको छानविन गरी रोजगार सेवा केन्द्रमा पेश गरिएको र रोजगार सेवा केन्द्रबाट वेरोजगारहरुको विवरण संकलन गरी स्थानीय निर्देशक समिति मार्फत नगरकार्यपालिकामा स्वीकृतिका लागि पेश भए बमोजिम हिउँदे नगर सभा बाट तपसिल अनुसार बेरोजगार व्यक्तिलाई रोजगार व्यवस्थापन सुचना प्रणालीमा (EMIS) सूचीकृत गरिएका थियो छ ।

तालिका नं १ : सूचीकृत भएका बेरोजगार व्यक्तिहरुको विवरण

| क्र.स. | वडा नं | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ४ | ० | १ | १ |
| २ | ५ | ३ | ० | ३ |
| ३ | १२ | ५ | ४ | ९ |
| ४ | १८ | १४ | २८ | ४२ |
| ५ | १९ | २८ | ५० | ७८ |
| ६ | २० | ० | ५ | ५ |
| ७ | २१ | ५ | १२ | १७ |
| ८ | २३ | ५ | ० | ५ |
| | जम्मा | ६० | १०० | १६० |

## ३.३ रोजगार व्यवस्थापन प्रणालीमा दर्ता भई लाभग्राही परिचय पत्र प्राप्त बेरोजगार व्यक्तिको विवरण

मापदण्ड पुरा भएका नगरकार्यपालिकाको निणर्यबाट सूचीकृत वेरोजगार व्यक्तिहरु १६० जना मध्ये काम गर्ने इच्छुक व्यक्ति तथा वडाको सिफारिश अनुसार अगाडी परेका ८८ जना व्यक्तिलाई मात्र परिचय पत्र वितरण गरी काममा खटाइएको थियो ।

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७२

CamScanner

| वडा अनुसार लैङ्गिक बिवरण | | | | |
|---|---|---|---|---|
| क्र.स. | वडा नं | पुरुष | महिला | जम्मा |
| १ | १८ | ० | ५ | ५ |
| २ | १९ | १८ | ४४ | ६२ |
| ३ | २० | ० | ४ | ४ |
| ४ | २१ | २ | १० | १२ |
| ५ | २३ | ५ | ० | ५ |
| | जम्मा | २५ | ६३ | ८८ |

**लैङ्गिकता को आधारमा**




**जातीयताको आधारमा**




## ३.४ योजना छनौट ,इष्टीमेट तथा खर्च बिवरण

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७७ का आधारमा वडाहरुबाट आ.ब ०७९/८० को लागि योजना छनौट तथा प्राथमिकिकरण गरी वडा समिति बाट सिफारिस गरी नगरकार्यपालिकामा पेश गरिएको र नगरकार्यपालिकाले कार्यविधिको दफा ५ अनुसार प्राथमिकताक्रम निर्धारण गरी लागत इस्टीमेट समेत गरी दफा ८ बमाजिम रोजगार व्यवस्थापन सुचना प्रणालीमा प्रविष्ट गरको थियो ।

| क्र.स. | वडा नं | योजनाको नाम | जम्मा खर्च बिवरण |
|---|---|---|---|
| १ | १८ | लग्दहवा मा वि को निर्माण कार्यमा माटो पटान | २३,६५७.०० |
| २ | १९ | कटिलया गाँउ देखि दक्षिण तर्फ हुलाकी राजमार्ग जोड्ने बाटो मर्मत ।कटिलया सुकै कोरीको घर हुँदै पुरैनी बाटो सम्म मर्मत कार्य ।आलानगर बसन्ती भण्डारीको घरबाट आइतबहादुर खत्रीको घर सम्म नयाँ बाटो तथा नाला निर्माण | ५९१,०७८.८० |

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७२

| | | | |
|---|---|---|---|
| ३ | १९ | सूर्जीगाँउबाट दिक्षण तर्फ बसपार्क हुलाकी राजमार्ग जोड्ने ८०० मिटर बाटोमा दुवैतर्फ नाली निर्माण गरी माटोपटान गर्ने । सूर्जीगाँउबाट पुर्व नहरको बाटो हुँदै जगत ज्योति मा। वि। फुटाह स्कुल सम्म बाटो मर्मत कार्य । नयाँ बाटो तथा नाला निर्माण बनघुस्रा देख सिद्धिवनायक भट्टा सम्म। | ३६०,९१३.५० |
| ४ | २० | आदर्श मा वि को भान्छा कोठा निर्माण,विद्यालय परिसर भित्र माटो पटान, पि पि सी गर्ने कार्य र विद्यालय वरीपरी तारवार | ८१,७०३.२० |
| ५ | २० | आदर्श मा. वि विधालय परिसरभित्र ईट्टा सोलिङ् गरी पि।सि।सि बाटो निर्माण कार्य, बिधालय परिसरभित्र फिल्ड सम्याउने कार्य, विधालय परिसरभित्र घेराबार निर्माण तथा मर्मत कार्य, बिधालयभित्र रहेको शौचालयमा टिनको छाना प्रतिस्थापन, कामका लागि पारिश्रमिक वृक्षारोपन तथा सौन्दर्यकरण कार्यको तारबार | ६६,७०१.२० |
| ६ | २१ | मन्दीर र चौतारा वरीपरी माटो पटान कार्य । रोशन शाहीको घर सम्म जाने ३ मिटर कोलिया बाटोमा माटो पटान कार्य | ९९,८२१.०० |
| ७ | २३ | विभिन्न बाटोमा माटो पटान कार्य | १७०,७३४.३० |
| | | जम्मा | १,३९४,६०९.०० |

## ३.५ आयोजनाहरुको विस्तृत विवरण: (कामका लागि पारिश्रमिकतामा आधारित सामुदायिक आयोजना)

(क) आयोजनाको नाम : वडा नं १८ स्थित श्री लग्दहवा मा वि को निर्माण कार्यमा माटो पटान

(ख) आयोजना सञ्चालन भएको वडा नं. : १८

(ग) आयोजनाको प्रकृति/क्षेत्र : विद्यालय परिसरमा माटो पटान

(घ) आयोजनामा खर्च भएको बजेट

- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदानबाट : २३,६५७.००

(ङ) सञ्चालित आयोजनाबाट रोजगारी पाएका सूचीकृत बेरोजगार व्यक्तिको संख्या : ५ जना

(च) सञ्चालित आयोजनाबाट रोजगारी पाएको दिन : ८.२

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७४

CamScanner





(क) आयोजनाको नाम : वडा नं १९ कटिलया गाँउ देखि दक्षिण तर्फ हुलाकी राजमार्ग जोड्ने बाटो मर्मत ।कटिलया सुकै कोरीको घर हुँदै पुरैनी बाटो सम्म मर्मत कार्य ।आलानगर बसन्ती भण्डारीको घरबाट आइतबहादुर खत्रीको घर सम्म नयाँ बाटो तथा नाला निर्माण

(ख) आयोजना सञ्चालन भएको वडा नं. : १९

(ग) आयोजनाको प्रकृति/क्षेत्र : बाटो निर्माण

(घ) आयोजनामा खर्च भएको बजेट

- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदानबाट :
- ❖ युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाबाट : ५९१०७८.८०

(ङ) सञ्चालित आयोजनाबाट रोजगारी पाएका सूचीकृत बेरोजगार व्यक्तिको संख्या : ३७ जना

(च)सञ्चालित आयोजनाबाट रोजगारी पाएको दिन : २८.१





नेपालगंज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

(क) आयोजनाको नाम : वडा नं १९ स्थित सूर्जीगाँउबाट दिक्षण तर्फ बसपार्क हुलाकी राजमार्ग जोड्ने ८०० मिटर बाटोमा दुवैतर्फ नाली निर्माण गरी माटोपटान गर्ने ।सूर्जीगाँउबाट पुर्व नहरको बाटो हुँदै जगत ज्योति मा।वि। फुटाह स्कुल सम्म बाटो मर्मत कार्य ।नयाँ बाटो तथा नाला निर्माण बनघुस्रा देख सिद्धिवनायक भट्टा सम्म।

(ख) आयोजना सञ्चालन भएको वडा नं. : १९

(ग) आयोजनाको प्रकृति/क्षेत्र : बाटो निर्माण

(घ) आयोजनामा खर्च भएको बजेट

❖ प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदानबाट : ३,६०,९१३.५०

(ङ) सञ्चालित आयोजनाबाट रोजगारी पाएका सूचीकृत बेरोजगार व्यक्तिको संख्या : २५ जना

(च) सञ्चालित आयोजनाबाट रोजगारी पाएको दिन : २५.०२





(क) आयोजनाको नाम : वडा नं २० स्थित आदर्श मा वि को भान्छा कोठा निर्माण,विद्यालय परिसर भित्र माटो पटान, पि पि सी गर्ने कार्य र विद्यालय वरीपरी तारवार ।

(ख) आयोजना सञ्चालन भएको वडा नं. : २०

(ग) आयोजनाको प्रकृति/क्षेत्र : विद्यालय

(घ) आयोजनामा खर्च भएको बजेट

❖ प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदानबाट : ८१,७०३.२०

(ङ) सञ्चालित आयोजनाबाट रोजगारी पाएका सूचीकृत बेरोजगार व्यक्तिको संख्या [illegible] जना

नेपालगंज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

(च) सञ्चालित आयोजनाबाट रोजगारी पाएको दिन : ३५.४०





(क) आयोजनाको नाम : वडा न २० आदर्श मा.वि विधालय परिसरभित्र ईट्टा सोलिङ् गरी पि।सि।सि बाटो निर्माण कार्य। ।बिधालय परिसरभित्र फिल्ड सम्याउने कार्य । बिधालय परिसरभित्र घेरावार निर्माण तथा मर्मत कार्य ।बिधालयभित्र रहेको शौचालयमा टिनको छाना प्रतिस्थापन। ९कामका लागि पारिश्रमिक वृक्षारोपन तथा सौन्दर्यकरण कार्यको तारबार।

(ख) आयोजना सञ्चालन भएको वडा नं. : २०

(ग) आयोजनाको प्रकृति/क्षेत्र : विद्यालय

(घ) आयोजनामा खर्च भएको बजेट

- प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदानवाट : ६६७०१.२०

(ङ) सञ्चालित आयोजनाबाट रोजगारी पाएका सूचीकृत बेरोजगार व्यक्तिको संख्या : ४ जना

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७३

CamScanner

(च) सञ्चालित आयोजनाबाट रोजगारी पाएको दिन : २८.९०





(क) आयोजनाको नाम : वडा न २१ स्थित मन्दीर र चौतारा वरीपरी माटो पटान कार्य । रोशन शाहीको घर सम्म जाने ३ मिटर कोलिया बाटोमा माटो पटान कार्य ।

(ख) आयोजना सञ्चालन भएको वडा नं. : २१

(ग) आयोजनाको प्रकृति/क्षेत्र : बाटो निर्माण

(घ) आयोजनामा खर्च भएको बजेट

- प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदानबाट : ९९८२१

(ङ) सञ्चालित आयोजनाबाट रोजगारी पाएका सूचीकृत बेरोजगार व्यक्तिको संख्या : १२ जना

(च) सञ्चालित आयोजनाबाट रोजगारी पाएको दिन : १५





(क) आयोजनाको नाम : वडा नं २३को विभिन्न बाटोमा माटो पटान कार्य

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७२

CamScanner

(ख) आयोजना सञ्चालन भएको वडा नं. : २३

(ग) आयोजनाको प्रकृति/क्षेत्र : बाटो निर्माण

(घ) आयोजनामा खर्च भएको बजेट

❖ प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदानवाट : १,७०,७३४.३०

(ङ) सञ्चालित आयोजनाबाट रोजगारी पाएका सूचीकृत बेरोजगार व्यक्तिको संख्या : १२ जना

(च) सञ्चालित आयोजनाबाट रोजगारी पाएको दिन : ५





## ३.६ श्रम को सम्मान कार्यक्रम :

**परिचयः**

नेपालको संविधान २०७२ मा भएको मौलिकहक अन्तर्गत धारा ३३ मा भएको रोजगार सम्वन्धि हकको प्रत्याभुत गर्ने प्रयोजनको लागि संघीय सरकारले आर्थिक वर्ष २०७५/७६ देखि कुनैपनि युवालाई वेरोजगारीको कारण बैदेशिक रोजगारीमा जानुपर्ने बाध्यताको अन्त्य गर्ने नीति लिए बमोजिम बनेका रोजगारीको हकसम्वन्धि ऐन २०७५, रोजगारीको हकसम्वन्धि नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ एवं युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ को अधिनमा रही प्रधानमन्त्री रोजागर कार्यक्रम एंव युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना संचालनमा रहेका छन । सोही कार्यक्रम अन्तगत यस नेपालगञ्ज उपमहानगरपालिकामा समेत कार्यक्रमको उद्धेश्यहरु पुरा गर्न ¾श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम गरिएको हो ।

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७२

## कार्यक्रमको विवरण

| लक्षित बर्ग | विषय | माध्यम | कैफियत |
|---|---|---|---|
| १८ -५९ बर्ष उमेर समुह(महिला,आदीबासी,जन जाती मधेसी दलित तथा अन्य) तथा<br><br>वडा समिति | • बेरोजगार व्यीक्तको सूचिमा दर्ता हुने आवेदन प्रकृया र समय<br>• विपन्न लक्षित न्यूनतम रोजगारीको आवेदन<br>• छानविन प्रकृया<br>• रोजगार सेवा केन्द्रबाट प्रदान गरिने सेवाहरु सम्बन्धी<br>• रोजगार सेवा केन्द्रबाट प्रदान गरिने सेवाहरु तथा स्थानीय तहको भुमिका सम्बन्धी<br>• न्यूनतम रोजगारीको लागि आवेदन तथा सामाजिक र आर्थिक उन्नतिमा सघाउ पुऱ्याउने आयोजनाको छनौट<br>• सामाजिक संरक्षण,न्यूनतम रोजगारी र उपयोगी पुर्वाधार निर्माण कसरी गर्ने सम्बन्धमा | रोजगार सेवा केन्द्रले सम्वन्धीत वडामा गई अभिमुखिकरण र छलफल<br><br>(सहभागी सख्या२७१)<br><br>रोजगार सेवा केन्द्रबाट सुचना प्रवाह तथा अन्तरक्रिया कार्यक्रम | वडा नं १२,१३, १६,२१, २३ |
| स्थानीय तहको जनप्रतिनिधि तथा स्थानीय निर्देशक समिति | • रोजगार सेवा केन्द्रबाट प्रदान गरिने सेवाहरु तथा स्थानीय तहको भुमिका सम्बन्धी<br>• न्यूनतम रोजगारीको लागि आवेदन तथा सामाजिक र आर्थिक उन्नतिमा सघाउ पुऱ्याउने आयोजनाको छनौट<br>• सामाजिक संरक्षण,न्यूनतम रोजगारी र उपयोगी पुर्वाधार निर्माण कसरी गर्ने सम्बन्धमा | रोजगार सेवा केन्द्रबाट सुचना प्रवाह तथा अन्तक्रिया कार्यक्रम | |
| विपन्न वर्गलाई न्यूनतम रोजगारीको लागि आवेदन दिन प्रोत्साहन गर्ने। | विपन्न वर्गलाई न्यूनतम रोजगारीमा संलग्न गराउने। | एफ.एम.मार्फत जानकारीमुलक जिंगल प्रशारण | |

CamScanner

खर्च विवरण

| क्र.स. | क्रियाक्लाप | खर्च रकम | कैफियत |
|---|---|---|---|
| (क) | कृयाकलाप १ः ५ ओटा वडामा<br>वडा समिति तथा सामुदायिक भेलामा अभिमुखिकरण | | |
| १ | व्यानर | ८४७.०० | |
| २ | खाजा | १३५००.०० | (५ वटा वडामा सहभागी संख्या २७१) |
| ३ | पानी तथ विविध | २०००.०० | |
| | जम्मा कृयाकलाप १ (क) | १६,३४७.०० | |
| (ख) | कृयाकलाप २ : उपमहानगरपालिकामा स्थानीय तहको जनप्रतिनिधि एंव स्थानीय निर्देशक समिति सँग अभिमुखीकरण तथा छलफल कार्यक्रम | | |
| १ | व्यानर | ९००.०० | |
| २ | प्रशिक्षणका लागि कार्यपत्र | २४००.०० | |
| ३ | खाजा | ५४००.०० | |
| ४ | यातायात | १८०००.०० | |
| | जम्मा कृयाकलाप २ (ख) | २६७००.०० | |
| ग | कृयाकलाप ३ :एफ.एम.मार्फत जानकारीमुलक जिंगल प्रशारण | | |
| १ | प्रशारण शुल्क | ७०००० | |
| | कुल जम्मा खर्च | ५००४७.०० | |

## ३.७ नमुना रोजगार सेवा अन्तर्गतका कार्यक्रम :

- अन्तरक्रिया
- रोजगार रणनीति र नक्सांकन
- नमुना रोजगार सेवा केन्द्र स्थापन

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७३

CamScanner

## ३.७.१ रोजगारी सँग सम्बन्धित सरोकारवालाहरु सँग एकीकृत श्रम तथा रोजगार सेवा र श्रम बजारको अवस्था विषयक अन्तरक्रिया

**परिचय**

रोजगार सेवाकेन्द्रबाट नागरिकलाई व्यवसायीक सीप विकास, रोजगार प्रवद्धन, उद्यमशिल रोजगारी सृजना, उद्यमशिलता प्रवद्धन, आप्रवासन लगायतका श्रम तथा रोजगार सम्वन्धि सेवा सुविधा स्थानीय तहवाट एकिकृत रुपमा प्रदान गर्न एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० कार्यान्वयनमा आई यस सग सम्वन्धित र सरोकारवाला पक्षहरु विच अन्तरक्रिया तथा छलफल गरी प्राप्त सुझाव, सल्लाहहरु बमोजिम यस कार्यक्रमलाई अझै प्रभावकारी बनाउने उद्धेश्यले नेपालगञ्ज उपमहानगरपालिका, रोजगार सेवा केन्द्रबाट यो कार्यक्रम सञ्चालन गरिएको हो ।

## ३.७.२ कार्यक्रमको उद्देश्य :

- सम्वन्धित सरोकारवालाहरुलाई रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरुको बारेमा जानकारी गराउनु,
- रोजगार सँग सम्वन्धित कानुनी व्यवस्था तथा एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० सम्वन्धमा जानकारी गराउनु,
- स्थानीय श्रम बजारमा श्रमिक/कामदारको माग र स्थानीय बजारमा उपलब्ध श्रम शक्तिको अवस्था,
- नेपालगंज उपमहानगरपालिकाको रोजगार रणनीति मस्यौदा २०८०-२०८५ छलफल तथा सरोकारवाला संग धारणा संकलन,
- रोजगारीको अवस्था समस्या र समाधानको उपायको बारेमा छलफल गर्नु ।

## ३.७.३ अन्तरक्रिया कार्यक्रममा छलफलको बिषय :

- प्रधानमन्त्री रोजगार कार्यक्रम, एकीकृत श्रम रोजगार सेवा प्रवाह र रोजगार सँग सम्बन्धीत कानुनी व्यवस्था सम्बन्धि
- नेपालगंज उपमहानगरपालिकाको रोजगार रणनीति मस्यौदा २०८०-२०८५, रोजगार सेवाको नक्सांकन सम्बन्धि प्रतुतिकरण र धारणा संकलन, वेरोजगारको अवस्था, अवसर, चुनौती तथा समाधानका उपायहरु

## ३.७.४ कार्यक्रम संचालनको विधिः

- अन्तरक्रियामा रोजगार दाता र सम्बन्धित सरोकारवालाहरु लाई आमन्त्रण गरिएको ।
- यससँग सम्वन्धित विषयमा विज्ञद्धारा कार्यपत्र प्रस्तुत ।
- सहभागीहरुबाट आवश्यक सुझाव, सल्लाह र पृष्ठपोषण प्राप्त भएको ।
- प्राप्त सुझावहरु माथि व्यापक छलफल गरेको ।
- कार्यक्रममा कोहलपुर नगरपालिकाका प्रमुख तथा प्रमुख जिल्ला अधिकारी द्वारा मन्तब्य व्यक्त गरिएको ।
- अन्तरक्रिया कार्यक्रमका अध्यक्ष तथा नेपालगंज उपमहानगरपालिकाको नगरप्रमुख द्वारा कार्यक्रमको समापन गरेको ।

CamScanner

### ३.७.५ खर्च विवरण शिर्षक अनुसार

| क्र.स. | मिति | विल.नं | विवरण | रकम | १३% भ्याट | जम्मा खर्च भ्याट सहित |
|---|---|---|---|---|---|---|
| १ | ३/२०/२०८० | २४२४ | स्टेशनरी | ९,०००.०० | - | ९,०००.०० |
| २ | ३/२१/२०८० | ४०८ | खाना तथा खाना | ६४,८००.०० | ८,४२४.०० | ७३,२२४.०० |
| ३ | ३/२१/२०८० | | सहभागी यातायात | ४५,०००.०० | - | ४५,०००.०० |
| ४ | ३/२१/२०८० | | कार्यपत्र बापतको पारिश्रमिक | ६,०००.०० | - | ६,०००.०० |
| ५ | ३/२१/२०८० | | अनुगमन खर्च | ४,०००.०० | - | ४,०००.०० |
| ६ | ३/२१/२०८० | | कार्यक्रम संयोजन, प्रतिवेदन, सहयोगी खर्च | १,७००.०० | - | १,७००.०० |
| | | | जम्मा | १३०,५००.०० | ८,४२४.०० | १३८,९२४.०० |
| | | | पेश्की रकम | | | १३८,७००.०० |

## ३.८ कार्यक्रमको आय व्यय विवरण :

| क्र.स. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | बजेट विनियोजन | खर्च | मौज्दात |
|---|---|---|---|---|
| १ | प्राविधिक सहायकको तलब (नपुग) | ५९०००.०० | ०.०० | ५९०००.०० |
| २ | रोजगार सहायकको तलब (नपुग) | ५९०००.०० | ०.०० | ५९०००.०० |
| ३ | रोजगार सेवा केन्द्रको सुदृढिकरण (कम्प्यूटर, फर्निचर फिक्चर्स, क्यामरा, अन्य विद्युतीय उपकरण) | ३०००००.०० | २९६६८५.०० | ३३१५.०० |
| ४ | रोजगार सेवा केन्द्रको सँचालन खर्च | २६५०००.०० | २३१०९६.०० | ३३९०४.०० |
| ५ | रोजगार सहायकको तलब | ३९३०००.०० | ७२९४४.०० | ३२००५६.०० |
| ६ | रोजगार सहायको स्थानीय भत्ता | ११०००.०० | १०००.०० | १००००.०० |
| ७ | रोजगार सहायकको पोशाक भत्ता | १००००.०० | ०.०० | १००००.०० |
| ८ | प्राविधिक सहायकको पोसाक | १००००.०० | १००००.०० | ०.०० |
| ९ | प्राविधिक सहायकको तलव | ३९३०००.०० | ३३६५३८.२५ | ५६४६१.७५ |
| १० | प्राविधिक सहायकको स्थानीय भत्ता | ११०००.०० | १०८००.०० | २००.०० |

नेपालगंज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७२

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | नमूना रोजगार सेवा केन्द्र सञ्चालन | १६०००००.०० | १५४३३९०.४८ | ५६६०९.५२ |
| १२ | रोजगारी सृजना (आई.डि.ए.) | २४०७०००.०० | ५९१०७८.८० | १८१५९२१.२० |
| जम्मा (क) आई.डी.ए. | | ५५१८०००.०० | ३०९३५३२.५३ | २४२४४६७.४७ |
| १५ | रोजगार संयोजकको तलव | ४९४०००.०० | २५७८०८.७५ | २३६१९१.२५ |
| १६ | रोजगार संयोजकको स्थानीय भत्ता | १७०००.०० | ६६००.०० | १०४००.०० |
| १७ | रोजगार संयोजकको पोसाक | १००००.०० | १००००.०० | ०.०० |
| १८ | रोजगारी सृजना (नेपाल सरकार) | ५७७९०००.०० | ८०३५३०.२० | ४९७५४६९.८० |
| जम्मा (ख) नेपाल सरकार | | ६३०००००.०० | १०७७९३८.९५ | ५२२२०६१.०५ |
| कुल जम्मा (क+ख) | | ११८१८०००.०० | ४१७१४७१.४८ | ७६४६५२८.५२ |

## ४. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको लागि पुनः एकीकरण कार्यक्रम :

**परिचय :**

वैदेशिक रोजगार नियमावली २०६४ को नियम ५२(क,१) को अधिकार प्रयोग गरी वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिको लागि पुनः एकिकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ बमोजिम वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, शीप, प्रविधि र अनुभव नेपालमा नै उद्यमशिलताको विकास तथा शिपको प्रवद्धनमा उपयोग गराई सामाजिक तथा आर्थिक पुनः एकिकरण गर्नका लागि रोजगारीमा आवद्धता हुने कार्यक्रम र उद्यमशिलता प्रवद्धन गर्नका लागि नेपालगञ्ज उपमहानगरपालिकाबाट कार्यक्रम सञ्चालन गरिएको हो ।

वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको लागि उद्यमशिलता प्रबद्र्धन' कार्यक्रम सञ्चालन गरिएको छ । उद्यमशिलता प्रबद्र्धन कार्यक्रम अन्तर्गत सात दिने तालिमको आयोजना गरिएको हो । वैदेशिक रोजगार बोर्ड र नेपालगंज उपमहानगरपालिका रोजगार सेवा केन्द्र को साझेदारीमा उक्त तालिम सम्पन्न भएको थियो ।

व्यवसायिक योजना निर्माण, लेखा सञ्चालन र व्यवस्थापन, व्यवसाय छनौट, व्यवसाय सञ्चालन प्रक्रिया, उद्यमशिलता लगायतका विषयमा नेपालगंज उपमहानगरपालिकाको वडा नं ४, ७, १९, र २० को गरि जम्मा ४१ जनाको सहभागिता रहेको थियो । श्रम स्विकृति लिई बैदेशिक रोजगारीमा गई बैदेशिक रोजगारीबाट फर्केका मध्येबाट आवेदन माग गरेर ४१ जनालाई छनौट गरिएको थियो । ती ४१ जनालाई उद्यमशिल बनाउने उद्देश्यले तालिम दिन संचालन गरिएको हो । ७ दिने उद्यमशिलता प्रबर्धन तालिम बाट १३ किसिमको व्यवसाय छनौट भएको थियो।

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७४

CamScanner

## ४.१ मुख्य क्रियाकलापहरु:

१. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकिकरण कार्यक्रम शुभारम्भ कार्यक्रम

२. ७ दिने उद्यमशिलता प्रवर्धन तालिम

३. कार्यक्रमका लाभग्राहीहरुलाई अनुदान सहयोग

४. कार्यक्रम कार्यान्वयन समिति बैठक

५. अनुगमन तथा मुल्यांकन

## ४.२ कार्यक्रमको लक्ष्य:

सहभागीहरुले वित्तीय साक्षरता र उद्यमशिलताको अवधारणा बुझेर आफूले सञ्चालन गर्ने व्यवसाय/उद्यम निश्चित गरी सो को व्यवसायिक योजनाको खेस्रा तयार गरेका हुनेछन् ।त्यहि व्यवसायिक योजना अनुरुप आफ्नो व्यवसाय संचालन गर्नेछन ।

## ४.३ उदेश्यहरु :

- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पुंजी, ज्ञान शिप प्रविधि र अनुभबको सदुपयोग गर्दै त्यस्ता व्यक्तिको वित्तीय सक्षरता र पहुँचमा वृद्धि गर्न यस उद्यमशिलता प्रवर्धन कार्यक्रमले प्रत्यक्ष सहयोग पुर्याउने छ,
- वित्तीय साक्षरताको परिचय, उद्देश्य र महत्व बताउन सक्नेछन,
- आ-आफ्नो वित्तीय लक्ष्य निर्माण गर्न र सो अनुरुपको बचत योजना बनाउन सक्नेछन,
- वित्तीय लक्ष्य हासिल गर्न सहयोगी सेवा प्रदायकहरुको बारेमा जानकारी हासिल गरेका हुनेछन,
- उद्यमशिलताको अवधारणा बुझेर आ-आफ्नो वित्तीय लक्ष्य हासिल गर्न सञ्चालन गर्ने व्यवसाय/उद्यम निश्चित गरेका हुनेछन,
- आ-आफ्नो वित्तीय लक्ष्यअनुरुप बजार अनुसन्धान गरेर व्यवसायिक योजनाको खेस्रा तयार गरेका हुनेछन,
- व्यवसायिक योजना अनुसार आफ्नो व्यवसाय संचालन गरि आय आर्जन गरि सहजरुपमा जीविकोपार्जन गर्न सहयोग पुग्नेछ ।

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७३

CamScanner

छनौट गरिएका व्यवसायहरु




| क.स | प्रस्तावित व्यवसाय | जम्मा |
|---|---|---|
| १ | इलेक्टोनिक पसल | १ |
| २ | किराना पसलको स्तर उन्नति | ६ |
| ३ | किराना तथा नास्ता पसलको स्तर उन्नति | २ |
| ४ | कुखुरा पालन फर्म | ५ |
| ५ | ग्राफिक्स पसलको स्तर उन्नति | १ |
| ६ | जुता चप्पल पसलको स्तर उन्नति | १ |
| ७ | तरकारी खेति | ३ |
| ८ | बाखा पालन | ११ |
| ९ | बुटिक उत्पादन तथा स्तर उन्नति | १ |
| १० | भेडा पालन | १ |
| ११ | भैसी पालन | ६ |
| १२ | सिलाई कटाइ पसलको स्तर उन्नति | १ |
| १३ | सेटेरिंग | २ |
| जम्मा | | ४१ |

तालिमको सहभागी संख्या

| क.स. | जातियता | जम्मा |
|---|---|---|
| १ | अन्य | १ |
| २ | जनजाती | ८ |
| ३ | दलित | ९ |
| ४ | व्राह्मण/क्षेत्रि | १३ |
| ५ | मधेशी | ६ |
| ६ | मुस्लिम | ४ |
| जम्मा | | ४१ |




नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश, नेपाल २०७४

तालिमको सहभागी संख्या

| वडा गत संख्या | |
|---|---|
| नेपालगंज-१९ | १५ |
| नेपालगंज-२० | २२ |
| नेपालगंज-४ | ३ |
| नेपालगंज-७ | १ |
| जम्मा | ४१ |




## ४.४ तालिममा समाबेश गरिएका बिषय बस्तुहरु :

### वित्तीय साक्षरता

- ❖ वित्तीय लक्ष्य निर्माण
- ❖ वित्तीय लक्ष्य निर्माणको महत्व
- ❖ बचत र बचतका फाइदा
- ❖ बचत गर्ने उपायहरु
- ❖ वित्तीय लक्ष्य प्राप्तीका लागि बचत योजना
- ❖ बचत गर्ने तरिकाहरु
- ❖ बचतका प्रकार र फाइदा
- ❖ बचतका समस्या र समाधानका उपायहरु
- ❖ पारिवारिक बजेट र यसको महत्व
- ❖ ऋण र यसबाट हुने फाइदा तथा बेफाइदा
- ❖ वित्तीय सेवा प्रदायक
- ❖ वित्तीय सेवा प्रदायकका फाइदा र बेफाइदा
- ❖ वित्तीय सेवा प्रदायक छनौट गर्दा ध्यान दिनु पर्ने कुराहरु
- ❖ वीमाको परिचय र महत्व
- ❖ वीमा सेवाका प्रकार
- ❖ वीमा गर्दा ध्यान दिनु पर्ने कुराहरु

### व्यवसाय र उद्यमको अवधारणा

- ❖ हामी को हौं?
- ❖ व्यवसाय र उद्यम
- ❖ व्यवसायी र उद्यमीबिचको फरक
- ❖ के गर्ने/बन्ने? लक्ष्य निर्धारण

### लक्ष्यसम्बन्धी बजार अनुसन्धान

- ❖ बजार र बजारशास्त्र अवधारणा
- ❖ स्रोत, क्षमता र लक्षित ग्राहक
- ❖ साझेदारहरुको पहिचान
- ❖ बजार योजना
- ❖ अनुभव आदान प्रदान

### उद्यमी/व्यवसायीको क्षमता

- ❖ विद्यमान सबल पक्ष
- ❖ सुधार गर्न सकिने पक्षहरु
- ❖ उद्यमीका गुण/विशेषताहरु

### उद्यमशीलता

- ❖ अवधारणा र प्रकृया

